# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## प्रदेश-१ धरान, सुनसरी

पन्ध्रौं नगर कार्यपालिका बैठकको निर्णयहरु

आज मिति २०७५ आषाढ ८ गते दिउशो २ बजे धरान उपमहानगरपालिकाको पन्ध्रौं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री तारा सुब्बाको अध्यक्षतामा बसि देहाय बमोजिमको निर्णय गरियो।

**सहभागिता:**

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री तारा सुब्बा | नगर प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| २ | श्री मन्जु भण्डारी सुवेदी | उप प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| ३ | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | उपस्थित |
| ४ | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | उपस्थित |
| ५ | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | उपस्थित |
| ६ | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | उपस्थित |
| ७ | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | उपस्थित |
| ८ | श्री भुवान सिं बस्नेत | वडा अध्यक्ष | धरान-६ | उपस्थित |
| ९ | श्री जिवनराज सुवेदी | का.वा. वडा अध्यक्ष | धरान-७ | उपस्थित |
| १० | श्री राम कुमार थापा | का.वा. वडा अध्यक्ष | धरान-८ | उपस्थित |
| ११ | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | उपस्थित |
| १२ | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | उपस्थित |
| १३ | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | उपस्थित |
| १४ | श्री ब्रमज्ञ भट्टराई | का.वा. वडा अध्यक्ष | धरान-१२ | उपस्थित |
| १५ | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | उपस्थित |
| १६ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | उपस्थित |
| १७ | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | उपस्थित |
| १८ | श्री दिल कुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | अनुपस्थित |
| १९ | श्री सूर्य बहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | उपस्थित |
| २० | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | उपस्थित |
| २१ | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | उपस्थित |
| २२ | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | उपस्थित |
| २३ | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | उपस्थित |
| २४ | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | उपस्थित |
| २५ | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २६ | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | उपस्थित |
| २७ | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २८ | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | उपस्थित |
| २९ | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | उपस्थित |
| ३० | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | उपस्थित |

| अन्य उपस्थितिः- | | | | |
|---|---|---|---|---|
| १ | श्री सुमन घिमिरे | प्रमुख प्रशासकिय अधिकृत | ध.उ.म.न.पा. | उपस्थित |
| २ | श्री गणेश प्रसाद खतिवडा | व.सा.वि.अ. | ध.उ.म.न.पा. | उपस्थित |
| ३ | श्री खगेन्द्र प्रसाद खतिवडा | व.प्र.अ. | ध.उ.म.न.पा. | उपस्थित |
| ४ | श्री सुरज श्रेष्ठ | व.इ. | ध.उ.म.न.पा. | उपस्थित |
| ५ | श्री भेषराज अधिकारी | व.ले.अ. | ध.उ.म.न.पा. | उपस्थित |

धरानउपमहानगरपालिका

नगरकार्यपालिकाकोकार्यालय

कार्यपालिका बैठक संख्या: १५, मिति २०७५/०३/०८, समय: २:०० बजे,

## बैठकका निर्णयहरु

**निर्णय नं. १ : आ.व. २०७५/०७६ को बजेट, नीति तथा कार्यक्रम सम्बन्धमा :**

यस उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष २०७५/२०७६ रु. १ अर्ब ८० करोड भएको बजेट, नीति तथा वार्षिक कार्यक्रम वैठकमा प्रस्तुत भई छलफल गरी नगर सभामा पेश गर्न स्वीकृत गरियो।

**निर्णय नं. २ :राजस्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा :**

स्थानीय राजस्व परामर्श समितिबाट प्राप्त राजस्व तथा आयको प्रतिवेदन वैठकमा प्रस्तुत भई छलफल गरी पारित गरियो ।

**निर्णय नं. ३ : अर्थ विधेयक सम्बन्धमा :**

धरान उपमहानगरपालिकाको आर्थिक विधेयक, २०७५ र विनयोजन विधेयक, २०७५ वैठकमा प्रस्तुत भई छलफल गरी पारित गरियो ।

**निर्णय नं. ४ : शिक्षा विधेयक, २०७५ र प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को पहिलो संशोधन विधेयक सम्बन्धमा :**

धरान उपमहानगरपालिकाको तपसिल बमोजीमको विधेयकहरु नगर सभामा पेश गर्न स्वीकृत गरियो ।

क) शिक्षा विधेयक, २०७५

ख) प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को पहिलो संशोधन विधेयक।

**निर्णय नं. ५ : अध्ययन केन्द्रको नामाकरण सम्बन्धमा :**

नगर कार्यपालिकाको कार्यालयमा रहेको क्षेत्रीय अध्ययन केन्द्रको नामाकरण संघीयताको कार्यान्वयनसंगै प्रादेशिक अध्ययन केन्द्र धरान, प्रदेश नम्बर १ नामाकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६: टेम्पोको भाडा दर सम्बन्धमा :**

टेम्पोको भाडा दर निर्धारण गर्ने सम्बन्धमा भाडा सुझाव समितिले पेश गरेको सिफारीश दरका सम्बन्धमा छलफल हुँदा तपसिल बमोजिमको भाडा दर पारित गरि लागु गर्ने निर्णय गरियो । पारीत दररेट कार्यान्वयनको लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय मार्फत अनुगमन गर्ने जिम्मेवारी प्रदान गरियो।

**क) रुट भानुचोक देखि फोक्ल्याण्डसम्म**

**स्टेण्डहरु :** भानुचोक, भाटभटेनी, रमाइलोचोक, बुद्धचोक, रत्नचोक, विचघोपा, रेल्वे, फोक्लेण्ड ।

**भाडा दर :** एक स्टेण्ड दुरी मात्र चढेको रु. १५/-, दुई स्टेण्ड दुरी चढेको रु. २०/-, बीचघोपासम्म. २५/-, रेल्वेसम्म रु. ३०/-, र फोक्लेण्डसम्म रु. ३५/-

ख) भानुचोक देखि तीनकुनेसम्म ।

स्टेण्डहरु : भानुचोक, भोटेपुल, बेरगाछी, साम्पाङचोक, तीनकुने ।

भाडा दर : एक स्टेण्ड दुरी मात्र चढेको रु. १५/- दुई स्टेण्ड दुरी चढेको रु. २०/- र

सो भन्दा बढी दुरीमा रु. २५/-

ग) भानुचोकदेखी कोलेनी सम्म ।

स्टेण्डहरु : भानुचोक, छाताचोक, नेपाल टेलीकम, आन्तरीक राजस्व मोड, बालीका मोड, खानेपानी अफिस मोड, जिरोप्वाईन्ट, ईलाका प्रशासन कार्यालय मोड, कोलेनी ।

भाडा दर : एक स्टेण्ड दुरी मात्र चढेको रु. १५/- दुई स्टेण्ड दुरी चढेको रु. २०/- र

सो भन्दा बढी दुरीमा रु. २५/-

घ) भानुचोक देखि घोपाक्याम्प ।

स्टेण्डहरु : भानुचोक, भाटभटेनी, रमाइलो चोक, बुद्धचोक, BPKIHS ।

भाडा दर : एक स्टेण्ड दुरी मात्र चढेको रु. १५/- दुई स्टेण्ड दुरी चढेको रु. २०/- र

सो भन्दा बढी दुरीमा रु. २५/-

ङ) भानुचोकदेखि मंगलवारेसम्म ।

स्टेण्डहरु : भानुचोक, भाटभटेनी, रमाइलोचोक, कल्याण चोक, मंगलवारे ।

भाडा दर : एक स्टेण्ड दुरी मात्र चढेको रु. १५/- दुई स्टेण्ड दुरी चढेको रु. २०/- र

सो भन्दा बढी दुरीमा रु. २५/-

**निर्णय नं. ७: जिल्ला ट्राफिक प्रहरी कार्यालयको भवन निर्माण सम्बन्धमा :**

धरान ८ श्रीजंगा चोक पश्चिम दक्षिण तर्फ खालि रहेको जग्गामा सडक तथा वनलाई असर नपर्ने गरी जिल्ला ट्राफिक प्रहरी कार्यालयको भवन निर्माण गर्न स्वीकृतीको लागि प्रदेश सरकारलाई अनुरोध गर्ने ।

**निर्णय नं. ८: आय संकलनको कार्य ठेक्कामा दिने सम्बन्धमा :**

नगर कार्यपालिकाको कार्यालयले संकलन गर्ने आन्तरीक आय अन्तर्गतका तपिसलका आयश्रोतहरु संकलन गर्न शिलबन्दी बोलपत्र आह्वान गर्ने ।

<u>तपिसिल</u>

क) वी पी सुन्दर वजार, न्यूनतम् कवुल अंक रु पचिस लाख ।

ख) विज्ञापन कर, न्यूनतम् कवुल अंक रु वीस लाख ।

ग) हाड, सिंग खुर तथा कवाडी रु छब्बीस लाख ।

घ) पार्कीङ्ग शुल्कको अठार लाख ।

ङ) बहाल विटौरी (हाट बजार ) करको रु. सात लाख ।

**निर्णय नं. ९ : आर्थिक सहयोग सम्बन्धमा :**

श्री भालढुङ्गा माध्यामिक विद्यालय, धरान २० मा मिति २०७५ जेष्ठ २२ गते अचानक चटयाङ परि सात जना विद्यार्थीहरु घाईते भई उपचार गराई रहेको हुँदा उक्त विद्यालयलाई एम्वेलेन्स खर्च र विद्यार्थीको उपचार खर्च वापत रु. १९०००/- (उन्नाईस हजार ) सहयोग प्रदान गर्ने ।

**निर्णय नं. १० : कर्मचारी नियमावली सम्बन्धमा :**

नगर कार्यपालिकाको कार्यालयमा कार्यरत् कर्मचारीहरुको नियमावली बनाउने सम्बन्धमा छलफल हुँदा सो नियमावली तयार गर्ने प्रकृया अगाडी बढाउने र हालको लागि कर्मचारी सम्बन्धी संघिय र प्रदेश कानूनको विपरीत नहुने गरी स्थानीय स्वायत्त शासन नियमावलीमा भएको व्यवस्था बमोजिम कार्यान्विन गर्ने ।

**निर्णय नं. ११ : स्वास्थ्य लाभको सम्बन्धमा :**

वडा नं ८ वडा अध्यक्ष श्री रुद्र बहादुर लिम्वु र वडा नं १२ का वडा अध्यक्ष श्री टंक बहादुर राई विरामी भई उपचाररत् रहनु भएको हुंदा उहाँहरुको स्वास्थ्यलाभको कामना गरियो ।

आजको वैठक नगर प्रमुखबाट धन्यवाद सहित समापन गरियो ।

सुमन घिमिरे
प्रमुख प्रशासकीय अधिकृत